आज मिति २०७८ साल फागुन २२ गते आइतवारका दिन यस नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | अनुपस्थिति |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | अनुपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | अनुपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| का.वा. अध्यक्ष व्यास १ | श्री राधिका पन्थ | उपस्थित |
| का.वा. अध्यक्ष व्यास ४ | श्री मनबहादुर गुरुङ | उपस्थित |
| वरिष्ठ प्रशासकीय अधिकृत | श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: २०७८/११/८ गतेको बैठकको समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: म्याराथन दौड प्रतियोगिता सम्बन्धमा ।
प्रस्ताव नं.३: मतदान केन्द्र सम्बन्धमा ।
प्रस्ताव नं.४: स्मारिका प्रकाशन सम्बन्धमा ।
प्रस्ताव नं.५: आगलागी सम्बन्धमा ।
प्रस्ताव नं.६: कृषि व्यवसायका लागि रजिष्ट्रेशन दस्तुर छुट सिफारिस सम्बन्धमा ।
प्रस्ताव नं.७: कृषि प्रयोजनका लागी घर कायम दस्तुर सम्बन्धमा ।
प्रस्ताव नं.८: योजना परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.९: व्यास क्षेत्र शिवपाञ्चायन विकास कोषको रकम सम्बन्धमा ।
प्रस्ताव नं.१०: जेहेन्दार एवं विपन्न विद्यार्थीलाई अध्ययन प्रोत्साहन छात्रवृत्ति वितरण सम्बन्धमा ।
प्रस्ताव नं.११: निर्णय संशोधन सम्बन्धमा ।
प्रस्ताव नं.१२: दमकल व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१३: भूमि आयोगको काम सुचारु गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१४: कोल्डस्टोरेज निर्माण स्थलको र बालीको क्षतिपूर्ति दिने सम्बन्धमा ।
प्रस्ताव नं.१५: अत्यावश्यक कार्यकममा बजेट विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.१६: प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं.१७: श्रमिक ज्यालादर सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०७८/११/८ गते बसेको कार्यपालिका बैठकको निर्णयहरुको समिक्षा गरियो र कार्यान्वयन हुन बाँकी निर्णयहरु तत्काल कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा अन्तर्राष्ट्रिय नारी दिवस ८ मार्च २०२२ (फाल्गुण २४, २०७८) का दिन व्यास गुफादेखि तनहुँसुरसम्म २१ कि.मी. "दोश्रो व्यास नगर महिला खुल्ला हाफ म्याराथन २०७८" प्रतियोगिता र शहिद दिवस माघ १६, २०७८ मा कोभिड-१९ को अवसरका कारण स्थगित भएको मानुङ-पुलिमऱ्याङ्गसम्मको "पाँचौं व्यास नगरपालिका अल्ट्रा म्याराथन २०७८" राष्ट्रिय खुल्ला दौड प्रतियोगिता २०७८ फागुन २८ गते शनिवारका दिन गरिने हुँदा सो को व्यवस्थापनका सम्बन्धमा निम्नानुसार जिम्मेवारी प्रदान गर्ने र प्रतियोगिता हुने रुटमा पर्ने वडाका नगरवासीहरुलाई धावकहरुको मनोवल उच्च पार्न स्वागत गरिदिन अनुरोध गर्ने निर्णय गरियो ।

क) २४ गते हुने समारोहको अध्यक्षता उप प्रमुख र २८ गते हुने समारोहको अध्यक्षता नगर प्रमुखबाट, कार्यक्रम संचालन नगर खेलकुद समिती संयोजकबाट गरिनेछ ।
ख) रुट व्यवस्थापन संयोजक वरिष्ठ ईन्जियर डा. श्री राजु पौडेल, यातायात व्यवस्थापन उपनिर्देशक श्री राजेन्द्र कार्की, जलपान तथा अतिथि सत्कार वरिष्ठ प्रशासकीय अधिकृत श्री रामचन्द्र हडखले, मञ्च व्यवस्थापन ईन्जिनियर श्री अमृत के.सी., स्वास्थ्य व्यवस्थापन जनस्वास्थ्य अधिकृत श्री प्रमोद सोती, पुरस्कार एवं सम्मान व्यवस्थापन लेखा अधिकृत श्री हेमन्त गुरुङ्ग र प्रचार प्रसार सूचना सम्प्रेषण वरिष्ठ अधिकृत श्री गोकर्णराज वाग्लेलाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको १४ वटा वडामा २५ स्थानमा ५७ मतदान केन्द्र रहेको कुल मतदाता संख्या ४८,३३१ को मतदाता नामावली प्रकाशन भएकोले नाम संशोधन गर्न , मृत्यु भएका, बसाई सरेका, नेपाली नागरिकता त्याग गरेको मतदाताहरुको नाम हटाउन वडा कार्यालयमा प्रकाशित नामावलीलाई अध्ययन गरी सहयोग गर्न सम्पूर्ण नगरवासीहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका स्थापना दिवसको सन्दर्भ पारेर व्यास नगरपालिकाद्वारा प्रकाशित हुने "व्यास नगर स्मारिका" मा "विविधतायुक्त गाउँ शहर समृद्ध मेरो व्यास नगर" भन्ने नारामा केन्द्रित रही कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, उद्योग क्षेत्रसँग सम्बन्धित विषयमा फोटोकपी पेपरमा २ पेजभित्र १००० शब्दमा नबढाई २०७८/१२/७ गतेभित्र सूचना शाखामा लेख रचना उपलब्ध गराईदिनु हुन व्यास नगरपालिकाका पूर्व तथा वर्तमान जनप्रतिनिधि, सम्बन्धित क्षेत्रका विज्ञ नगरवासीहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा हाज मिति २०७८/११/२२ गते करीव १०:३० बजेको समयमा व्यास नगरपालिका वडा नं. ४ स्थित ज्योती हार्डवयर्स, भुपाल हार्डवयर्स लगायतका करीव १० घरहरुमा भीषण आगलागी भई करोडौंको क्षती भएको हुँदा व्यास नगरपालिका दु:ख व्यक्त गर्दछ । आगलागी नियन्त्रणमा सहयोग पुऱ्याउनु हुने आम नगरवासी, सुरक्षाकर्मी, दमकल सञ्चालक, सिम्रिक एयर, नेपाल सरकार, प्रदेश सरकार, सुरक्षा निकाय तनहुँ, विद्युत प्राधिकरण, पानी ट्याङ्कर सञ्चालक, संलग्न जनप्रतिनिधिहरुमा हार्दिक धन्यवाद ज्ञापन गरिन्छ । साथै आगलागी मौसमलाई समेत ख्याल राखी प्रज्वलनशिल पदार्थहरुलाई आवास क्षेत्रबाट अलग राखी सचेत हुन सम्बन्धित सबैमा अनुरोध गर्ने निर्णय गरियो । साथै क्षतिको विवरण संकलन गर्न जिल्ला प्रशासन कार्यालय तनहुं र जिल्ला प्रहरी कार्यालय तनहुंसंग समन्वय गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा कृषि तथा पशु फर्मको लागि जग्गा खरिद गर्नका लागि तपसिल बमोजिमका फर्महरुबाट मालपोत कार्यालय तनहुँमा रजिष्ट्रेशन दस्तुर छुट गर्न माग भई आएकोले सिफारिसको लागि अनुरोध गर्ने निर्णय गरियो ।

(क) पलपल एण्ड विशाल कृषि तथा पशुपंक्षी प्रा.लि.द्वारा स्थानीय स्तरमा कृषि तथा पशुपंक्षी व्यवसाय सञ्चालन गरी उक्त व्यवसायलाई थप विस्तार प्रवर्द्धनका लागि व्यास नगरपालिका वडा नं. १३ निवासी शिव वहादुर आले र भिम बहादुर आलेको नाउँमा रहेको साविक केशवटार ७/झ कि.नं. ४३५ र ४३६ क्षेत्रफल क्रमश: ४-१४-०-० र ६-८-३-२ भएको जग्गा कृषि व्यवसाय सञ्चालन गर्नका लागि भगवती कृषि फार्मका नाउँमा राजिनामा रजिष्ट्रेशन पारित गरी लिन कानून बमोजिम लाग्ने रजिष्ट्रेशन शुल्कमा छुट दिन मालपोत कार्यालय तनहुँलाई सिफारिस गर्ने निर्णय गरियो ।

(ख) व्यास नगरपालिका वडा नं. ११ मा रहेको कालिका भगवती कृषि फार्म प्रा.लि. द्वारा स्थानीय स्तरमा कृषि तथा पशुपालन व्यवसाय सञ्चालन गरी स्वरोजगार तर्फ उन्मुख भएको र उक्त व्यवसायलाई थप विस्तार प्रवर्द्धनका लागि वडा नं. ११ निवासी रामशरण अधिकारी, हरिशरण अधिकारी, मान बहादुर अधिकारी, ज्ञानेन्द्र अधिकारी, मिन बहादुर बस्नेत, रुकमाया बस्नेत र दिपेश बस्नेतको नाममा रहेको साविक फराकचौर नक्सा नं. ६/क कि.नं. ६२८, ६२९, ३७०, ३७१, ३७४, ३७२, ३७३ क्षेत्रफल ५-१३-२-०, ५-१३-२-०, ३-५-१-३, २-६-०-०, ४-१३-१-०, १-११-३-१, ६-२-२-३ भएको जग्गा कृषि व्यवसाय सञ्चालन गर्नका लागि भगवती कृषि फार्मका नाउँमा राजिनामा रजिष्ट्रेशन पारित गरी लिन कानून बमोजिम लाग्ने रजिष्ट्रेशन शुल्कमा छुट दिन मालपोत कार्यालय तनहुँलाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुंदा कृषि प्रयोजनका लागि व्यवसायिक घर टहराहरुको नयां नक्शा पास दस्तुर रु.१/- कायम भएको तर त्यस्ता व्यवसायिक घर टहराहरुको घर कायम दस्तुर आर्थिक ऐनबाट सम्बोधन भएको नदेखिंदा नगरसभाबाट अनुमोदन हुने गरी त्यस्ता कृषि व्यवसायिक घर टहराहरुको कायमी दस्तुर प्रति स्क्वायर फुट रु. २/- (दुई) लिने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुंदा क्रमश: वडा नं.५ र वडा नं.१४ को सिफारिसका आधारमा देहाय बमोजिम वडागत योजनाहरु परिवर्तन गर्ने निर्णय गरियो ।

तपशिल

| सि. नं | साविक योजनाको नाम | रकम | परिवर्तन गरिएको योजनाको नाम | बजेट | खर्च शिर्षक |
|---|---|---|---|---|---|
| १ | शिक्षा/स्वास्थ्य/कृषि/टोल संस्था समन्वय बैठक | ३,००,०००।- | वडा कार्यालयका कर्मचारी/ वडा भित्रका टोल विकास संस्थाका पदाधिकारी लगायत वडामा रहेका विभिन्न विद्यालय सहितका संघ/संस्थाका प्रतिनिधिहरुको लागि अध्ययन अवलोकन भ्रमण । | ३,००,०००।- | ७४ |
| २ | प्र.अ., वि.व्य.स., शिक्षक समेत अन्तरकिया | १,५०,०००।- | प्र.अ., वि.व्य.स. अध्यक्ष, कृषक, टोल अध्यक्षहरु, स्थानीय कार्यालय प्रमुखहरु, सहकारी संस्थाका अध्यक्षहरु, संघ संस्थाका प्रतिनिधिहरु र समाजसेवी, बुद्धिजिवीहरु समेतका लागि अध्ययन अवलोकन तथा शैक्षिक भ्रमण कार्यक्रम | ३,००,०००।- | १५० |
| | १० वटा टोलमा खानेपानी, विद्युत महशुल ५०% अनुदान | १,५०,०००।- | | | ७५९ |
| ३ | शिर्षक नं. ५३,५१ परिवर्तन | ३,००,०००।-<br>५,००,०००।- | अध्ययन अवलोकन भ्रमण | ३,१५,०००।- | ५३/३,००,०००।-<br>५१/१५,०००।- |

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास व्यास क्षेत्र शिवपाञ्चायन विकास कोषको प्रस्ताव अनुसार १०८ फुट व्यासको मूर्ति निर्माण गर्ने क्रममा त्यस संस्थाबाट यस नगरपालिकामा जम्मा हुन आएको रु.१,५०,००,०००।- (एक करोड पचास लाख) मध्ये उक्त निर्माण कै कार्यमा लगाउने गरी रू.१३,५६,०००।- (तेह्र लाख छपन्न हजार) फिर्ता माग भएकाले सो रकम उक्त कोषकै खातामा फिर्ता दिने निर्णय गरीयो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ११ र १२ का जेहेन्दार एवं विपन्न विद्यार्थीहरुलाई अध्ययन प्रोत्साहन छात्रवृत्ति अन्तर्गत सम्बन्धित विद्यालयको सिफारिसका आधारमा ५० जना सम्म विद्यार्थी भएको तह/कक्षामा बढीमा ५ जना, १०० जना सम्म विद्यार्थी भएको तह/कक्षामा बढीमा १० जना र १०० जना भन्दा बढी विद्यार्थी भएको तह/कक्षा विद्यालयका सामुदायिक क्याम्पसका विद्यार्थीहरु मध्ये बढीमा १५ जना प्रति कक्षाका दरले निम्नानुसार बजेट शिर्षक नं. १५७ बाट खर्च हुने गरी प्रति विद्यार्थी रु. ८०००/ (आठ हजार) का दरले उच्च शिक्षा अध्ययन प्रोत्साहन छात्रवृत्ति उपलब्ध गराउने निर्णय गरियो ।

| क.सं. | विद्यालय/क्याम्पस | वडा नं | कक्षा ११ | कक्षा १२ | जम्मा संख्या | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | चण्डीदेवी रा.मा.वि. | १० | ५ जना | १० जना | १५ जना | १,२०,०००/- | |
| २ | सिद्धेश्वरी मा.वि. | १२ | ५ जना | ५ जना | १० जना | ८०,०००/- | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | बाराही मा.वि. | ११ | ५ जना | ५ जना | १० जना | ८०,०००/- | |
| ४ | क्यामिन मा.वि. | ७ | ५ जना | ७ जना | १२ जना | ९६,०००/- | |
| ५ | जलदेवी मा.वि. | १ | ५ जना | ५ जना | १० जना | ८०,०००/- | |
| ६ | सत्यवती मा.वि. | २ | १५ जना | १२ जना | २७ जना | २,१६,०००/- | |
| ७ | उदय मा.वि. | ५ | ५ जना | ८ जना | १३ जना | १,०४,०००/ - | |
| ८ | महेन्द्रज्योती मा.वि. | ६ | ५ जना | ५ जना | १० जना | ८०,०००/- | |
| ९ | केशवटार मा.वि. | १४ | ५ जना | ८ जना | १३ जना | १,०४,०००/ - | |
| १० | आदिकवि भानुभक्त | १ | १५ जना | १० जना | २५ जना | २,००,०००/- | |
| ११ | निर्मल मा.वि. | १ | १० जना | १० जना | २० जना | १,६०,०००/ - | |
| १२ | बालमन्दिर मा.वि. | २ | ५ जना | | ५ जना | ४०,०००/- | |
| १३ | जनजुक्तशाही मा.वि. | ५ | ५ जना | ५ जना | १० जना | ८०,०००/- | |
| १४ | महर्षिवेदव्यास सं.मा.वि | ३ | ५ जना | ६ जना | ११ जना | ८८,०००/- | |
| १५ | माहेन्द्री मा.वि. | ९ | ५ जना | ५ जना | १० जना | ८०,०००/- | |
| | **जम्मा** | | **१००** | **१०१** | **२०१** | **१६,०८,०००/ -** | |

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा यस कार्यपालिकाको मिति २०७८/१०/७ नि.नं. १५ मा घरनक्शा पास दस्तुर पूरै छुट दिने निर्णय भएकोमा सो निर्णयलाई परिमार्जन गर्न पर्ने देखियो । व्यास नगरपालिकाद्धारा २०७२ सालको विनाशकारी भूकम्पमा परी भत्किएका घरहरुलाई पुननिर्माण गर्दा लाग्ने राजश्वमा पचास प्रतिशत छुट दिने नीतिगत निर्णय गरी नगरवासीहरुलाई राहत प्रदान गरिदै आएकोमा व्यास नगरपालिका वडा नं. १२ छिर्कन बस्ने दुर्गा बहादुर न्यौपानेको घरमा मिति २०७७/१२/१३ गते आगलागी भई पूर्ण क्षति भएको र पुनः भवन निर्माण गर्नका लागि नक्शा पास दस्तुर मिनाहा गरी पाउं भनी पर्न आएको निवेदन, १२ नं. वडा कार्यालयको सिफारिस र जिल्ला प्रहरी कार्यालय तनहुंबाट भएको सर्जमिन मुचुल्का समेतलाई हेर्दा निवेदकको घर आगलागीबाट पूर्णरुपमा जलेर नष्ट भै पुनः घर निर्माण गर्न नक्शापास प्रकिया अघि बढेको अवस्था देखिएको हुंदा भुकम्प पीडित सरहको पचास प्रतिशत घर नक्शापास दस्तुर छुट गरी राहत प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकामा रहेको दमकलको बिग्रिएका पार्टसहरु तत्काल मर्मत गरी दुरुस्त राखी ५ जना नगर प्रहरीहरुलाई आगलागी भएमा निभाउनका लागि थप तालिम दिन एक जना प्रशिक्षक झिकाई तालिम दिने र आगलागी प्रदर्शन (डेमो) गर्दा समेत लाग्ने खर्च उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा भूमि आयोगको लगत संकलन कार्यमा छनौट भई कार्य गरिरहेका संकलक एवं अभिलेखिकरण गर्न खटिएका कर्मचारीहरुलाई विद्यमान सरकार गठन संगै तत्कालिन भूमि आयोग खारेज भएकाले तत्काल काम स्थगित गरिएकोमा हाल भूमि आयोगको काम पुनः सूचारु गर्नुपर्ने हुंदा पूर्व छनौट भएका कर्मचारी बढिमा ३ जनालाई विवरण संकलन एवं अभिलेखिकरण कार्यमा हाललाई २०७९ आषाढ मसान्तसम्म लगाउने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा व्यास ११ गैराबारी टोलमा कोल्ड स्टोरेज निर्माण स्थलमा भएको अस्थायी घर संरचना र बालीको क्षतिपूर्ति वापत रू.३,२५,०००/- (तिन लाख पच्चीस हजार) सोही ठाउं निवासी भागीरथी लोहनीलाई मर्मत सम्भार शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका आधारभूत एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरु तथा योजनाहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | महिला स्वास्थ्य स्वंमसेविका अध्ययन भ्रमण | ३ | १,००,०००। | १८२ |
| २. | सरकारी वकिल कार्यालय छतमा ट्रस, गेट निर्माण | ३ | २,००,०००। | विविध पूँजिगत |
| ३. | बाटो सरसफाई बिल भुक्तानी | ४ | २३,०००। | मर्मत |
| ४. | रामचन्द्र पण्डित मृगौला उपचार खर्च सहयोग | ४ | ४०,०००। | ३९ |
| ५. | सेरा टोल चापाघाट देवीबस्ती बाटो मर्मत | ५ | १,००,०००। | मर्मत |
| ६. | डुंडेखोल्सी खानेपानी ट्याङ्की संरक्षण | ५ | ३,००,०००। | विपद |
| ७. | विश्वकर्मा सेवा समाज भवन निर्माण | ६ | २,००,०००। | २०० |
| ८. | रामचन्द श्रेष्ठ घर संरक्षण | ६ | ४०,०००। | विपद |
| ९. | पञ्च सार्की दमैको डिही मर्मत सम्हार | ६ | ४०,०००। | मर्मत |
| १०. | पाठेघर, स्तन क्यान्सर परिक्षण सिविर | ६ | १,४०,०००। | १८२ |
| ११. | वसन्तकाली प्रा.वि. फर्निचर मर्मत सम्भार | ७ | २,००,०००। | ७७२ |
| १२. | भिनुवा-बाह्रविसे कटहरे खानेपानी पाइप राख्ने | ९ | २,००,०००। | ७९४ |
| १३. | दुम्सी कोभिड अस्पतालमा पाइप सोधभर्ना | १० | ६,३८४। | विपद |
| १४. | सितलगुफा खानेपानी ट्याङ्की संरक्षण | १० | ३०,०००। | ७९४ |
| १५. | भानु माध्यमिक विद्यालय स्वर्णजयन्ती व्यवस्थापन | १० | ७५,०००। | विविध चालु |
| १६. | तिमल्सेना गाई फार्म गोठ संरक्षण | १० | ३५,०००। | विपद |
| १७. | कृषि तथा पशु फर्म | १० | ५०,००० | १८९ |
| १८. | मराङ्दी रातमाटा खानेपानी टंकी निर्माण | ११ | ७०,०००। | ७९४ |
| १९. | रानीगाउं चारकुने नाला निर्माण | ११ | २,५०,०००। | मर्मत |
| २०. | मूलपानी वस्ती संरक्षण एवं कच्ची नाला निर्माण | ११ | १,००,०००। | मर्मत |
| २१. | छाब्दी बाराही प्रा.वि. डेक्स, बेञ्च विद्युत जडान | १२ | १,५०,०००। | ७७२ |
| २२. | नारायण गिरी, पोलिथिन पाइप खरिद | १३ | १४,७००। | ७९४ |
| २३. | डाडाँपभी खानेपानी योजना पम्प, प्यानल, वोड खरिद | १३ | ५०,०००। | ७९४ |
| २४. | टिम नेपो स्वास्थ्य शिविर आयोजना | | ३५,०००। | १८२ |
| २५. | सुमन न्यौपाने अध्ययन अनुसन्धान सहयोग | | ३०,०००। | १५७ |
| २६. | युवा परिषद अध्ययन अवलोकन भ्रमण | | ३,००,०००। | २०६ |
| २७. | कपडा सिलाई जिल्ला अधिवेशन सहयोग | | ३०,०००। | विविध चालु |
| २८. | सरासोती जि.सी.उपचार सहयोग | २ | ४०,०००। | ३९ |
| २९. | प्रकाशन सहयोग नारायण प्रसाद गौतम | | १५,०००। | १५७ |

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको वडा नं.११ र १३ का प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्वीकृत देहाय बमोजिमका ३ (तिन) वटा आयोजनाहरु चालु आ.व. मा समावेश गरी सञ्चालन गर्ने निर्णय गरियो ।

| क.सं. | वडा नं. | आयोजनाको नाम | बजेट |
|---|---|---|---|
| १. | ११ | मुलपानी चमेरेगुफा, भगवतीपानी, तनहुँसुर पदमार्ग निमाृण (बाँकी कामको लागि थप) | ७५,०१०। |
| २. | १३ | बेलचौतारा आशापानीमा पैदल मार्ग निर्माण | ५,००,०००। |
| ३. | १३ | जमुने गाउँमा सिंढी बाटो तथा चौतारो निर्माण | ५,००,०००। |

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा नगर कार्यपालिकाको मिति २०७८ माघ ७ गतेको बोर्ड बैठकको निर्णय नं.२९ मा प्रधानमन्त्री रोजगार कार्यक्रमका अदक्ष कामदारको प्रति व्यक्ति प्रति दिनको रू.५७७/- (अक्षेरुपी पाँच सय सतहत्तर मात्र) हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको हुँदा सोही बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।